नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा संरक्षण विभाग

# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

कसरा, चितवन

पत्र संख्या ०८०/०८१
चलानी नं.

## प्रेस विज्ञप्ती

२०८१।०३।०९

## संरक्षित वन्यजन्तु एक सिंगे गैंडाको खाग खरीद बिक्रि कसूरको उद्योगमा मुद्दा दायर भएको सम्बन्धमा

मिति २०८१/०१/२८ गते अन्दाजी बिहान ११:०० बजेको समयमा संरक्षित वन्यजन्तु एक सिंगे गैंडाको खाग जस्तो देखिने आखेटोपहार खरिद तथा बिक्रि भइरहेको विशेष सूचनाको आधारमा उक्त संरक्षित वन्यजन्तु एकसिंगे गैंडाको खागखरिद तथा विक्री गर्न जिल्ला चितवन भ.म.न.पा. वडा नं. ९ क्षेत्रमा केही व्यक्तिहरु मिलि शंकास्पद रुपमा गतिविधि गरिरहेको देखि निजहरुलाई गोप्य रुपमा निगरानी गर्दै जाँदा जिल्ला चितवन भरतपुर महानगरपालिका २३ स्थित क्षेत्रमा १ जना अपरिचित व्यक्तिले कालो झोलामा भएको सामान वोकी आई शंकास्पद रुपमा ९ जना अपरिचित व्यक्तिहरु उक्त समान हेर्दै गरेको अवस्थामा निजहरु माथि शंका लागि रित पुर्वक सोधपुछ तथा चेकजांच गर्ने क्रममा उक्त झोला खोली हेर्दा जिल्ला चितवन भ.म.न.पा. वडा नं. २८ वस्ने वर्ष ४० को सन्त बहादुर कुमालको शरिर रितपूर्वक खानतलासी तथा चेकजाँच गर्ने क्रममा निज सन्त बहादुर कुमालका साथबाट संरक्षित वन्यजन्तु एक सिंगे गैंडाको खाग जस्तो देखिने वस्तु (आखेटोपहर) थान १ फेला परेको र निजहरु जिल्ला चितवन राप्ती न.पा. वडा नं. ३, सुन्दर बस्ती बस्ने वर्ष ३३ को बाल कुमार राई, जिल्ला नवलपरासी (ब.सु.प) वर्दघाट न.पा. वडा नं. ८, भानुनगर वस्ने वर्ष ३५ को देव बहादुर परीयार, जिल्ला रुपन्देही बुटवल उ.म.न.पा. वडा नं. ७, कालिका टोल वस्ने वर्ष ३८ को धन बहादुर बानियाँ, जिल्ला रुपन्देही बुटवल उ.म.न.पा. वडा नं. ११, आनन्द पथ बस्ने वर्ष ५१ का कृष्ण राज पाण्डे क्षेत्री, जिल्ला बाग्लुङ्ग जैमिनी न.पा. वडा नं. ७ बस्ने वर्ष २८ को कमल राना, जिल्ला बाग्लुङ्ग जैमिनी न.पा. वडा नं. १० राडखानी वस्ने वर्ष ३८ को नगेन्द्र थापा, जिल्ला स्याङजा निरकोट न.पा. वडा न. ९ हाल बसाई सरी जिल्ला रुपन्देही बुटवल उ.म.न.पा. वडा नं. ४ वस्ने वर्ष ४७ को कुल बहादुर बुढाथोकी, जिल्ला बाग्लुङ्ग जैमिनी न.पा. वडा नं. ९ बस्ने वर्ष ३६ का खड्क बहादुर थापा सहित ९ जनालाई पक्राउ गरी अनुसन्धान गरेको ।

ईमेल :info@chitwannationalpark.gov.np वेभ:www.chitwannationalpark.gov.np

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

कसरा, चितवन

पत्र संख्या ०८०/०८१
चलानी नं.

अनुसन्धान गर्दा प्रतिबादीहरु देव बहादुर परियार र कुल बहादुर बुढाथोकी मिली खाग बनाउन लगाई बाल कुमार राई र सन्त बहादुर भन्ने पंकज कुमालले बनाएको र कृष्ण राज पाण्डे क्षेत्री पनि सोहि खाग बिक्री गर्न साथमा लागी आएको साथै प्रतिवादीहरु कमल राना, खड्क बहादुर थापा र नगेन्द्र थापाले गैंडाको खाग खरिद बिक्री गर्न सोध खोज गरी खरीद कार्यमा संलग्न भएको देखिन्छ । प्रतिबादीहरु मध्येको सन्त बहादुर भन्ने पंकज कुमालले यस भन्दा पहिला मुद्दा नं. ७५\०६४ गैंडालाई गोली हानी घाईते बनाएको मुद्दामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ को उपदफा (१) बमोजिम ५०,००० (पचास हजार) जरिवाना र ८ वर्ष कैद भुक्तानी गरी २०७५ साल तिर छुटेको भनी निज स्वयमको वयानबाट देखिदा निज प्रतावादी सन्त बहादुर भन्ने पंकज कुमाल यस्तो कसुरमा पटके रहेको पुष्टी भएको ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (५घ) "कसैले यस ऐन अनुसार कसूर हुने कुनै अपराधको उद्योग गरेमा त्यस्तो उद्योग गर्नेलाई संरक्षित वन्यजन्तु सम्वन्धी अपराधको उद्योग भए कसूरदारलाई भए सरह र अन्य वन्यजन्तु सम्वन्धी अपराधको उद्योग भए कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ भनी उल्लेख गरिएको छ । निज ९ जना प्रतिवादीहरुलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (५घ) बमोजिमको सजाय माग गरी मिति २०८१/०३/०९ गते चितवन जिल्ला अदालतमा मुद्दा दायर भएको जानकारीको लागि अनुरोध छ ।

२०८१/०३/०९

.....................................
गणेश प्रसाद तिवारी
सूचना अधिकारी

ईमेल info@chitwannationalpark.gov.np ,वेभ:www.chitwannationalpark.gov.np

CamScanner